नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हिपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# नौगाड गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः २** **संख्याः ८५** **मितिः** २०८३।०१।३१ गते

भाग —२

## नौगाड गाउँपालिकाको गाउँबस सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि (पहिलो संशोधन), २०८३

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२।०८।०९ गते
प्रमाणीकरण मितिः २०८२।०८।०९ गते
पहिलो संशोधन मितिः २०८३।०१।३१ गते
स्थानीय राजपत्रमा प्रकाशन मितिः २०८३।०१।३१ गते

प्रस्तावनाः सार्वजनिक यातायात सेवामा सर्वसाधारणको सहज र सुविधाजनक पहुँच स्थापित गर्न सार्वजनिक यातायातलाई प्रोत्साहन गरी लगानी मैत्री वातावरण सृजना गर्न, सुरक्षित, भरपर्दो, सर्वसुलभ, गुणस्तरिय, विश्वसनीय, वातावरणमैत्री, उपभोक्तामुखी र सेवामुखी रुपमा बस सेवा सञ्चालन तथा व्यवस्थापन गर्न, यातायात क्षेत्रमा समयानुकूलको प्रविधिलाई उपयोग गर्न, साझेदारी विकास कार्यक्रमलाई टेवा पुर्याउन तथा यातायात सेवामा सुशासन कायम गर्न गाउँबस सेवा सञ्चालनको लागि आवश्यक कार्यविधिको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) तथा नौगाड गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ ले दिईएको अधिकार प्रयोग गरी नौगाड गाउँ कार्यपालिकाले गाउँबस सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ जारी गरेको छ ।

नौगाड गाउँपालिकाको गाउँबस सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम **"नौगाड गाउँपालिकाको गाउँबस सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि (पहिलो संशोधन), २०८३"** रहेको छ ।

(२) यो कार्यावधि नौगाड गाउँपालिकाको गाउँ कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"कार्यविधि"** भन्नाले नौगाड गाउँपालिकाको गाउँबस सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२ सम्झनु पर्छ ।

(ख) **"ऐन"** भन्नाले सवारी तथा यातायात व्यवस्था ऐन २०४९, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र सो अन्तर्गत रही नौगाड गाउँपालिकाको गाउँसभाबाट स्वीकृत भएका ऐन समेतलाई सम्झनु पर्छ ।

(ग) **"गाउँपालिका"** भन्नाले नौगाड गाउँपालिका सम्झनु पर्छ ।

(घ) **"अध्यक्ष"** भन्नाले नौगाड गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ङ) **"उपाध्यक्ष"** भन्नाले नौगाड गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नौगाड गाउँकार्यपालिकाको कार्यालय प्रमुखलाई सम्झनु पर्छ ।

(छ) **"समिति"** भन्नाले दफा ३ बमोजिम गठन भएको गाउँ बस सेवा सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(ज) **"निर्धारित"** भन्नाले प्रचलित कानुन बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा नौगाड गाउँकार्यपालिकाले यातायात व्यवस्थापन सम्बन्धि विषयमा समय समयमा गर्ने निर्णय वा तोकिने मापदण्डलाई सम्झनु पर्छ ।

(झ) **"पार्किङ स्थल"** भन्नाले सवारी साधन राख्न निर्धारण गरेको स्थल सम्झनु पर्छ ।

(ब) **"प्रदुषण"** भन्नाले सावारीबाट निस्कने ध्वनी तथा धुवाँको प्रदुषण सम्झनु पर्छ ।

नौगाड गाउँपालिकाको गाउँबस सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हौपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

(ट) **"बस बिसौनी"** भन्नाले यात्रुवाहक सार्वजनिक सवारीमा यात्रुलाई यात्रा गर्ने प्रयोजनको लागि चढ्न र ओर्लनको निमित्त निर्धारण गरिएको स्थल सम्झनु पर्छ ।

(ठ) **"संघीय कानुन"** भन्नाले संघीय संसदबाट जारी भएको यातायात व्यवस्था सम्बन्धि कानुनलाई सम्झनु पर्छ ।

(ड) **"प्रदेश कानुन"** भन्नाले प्रदेश सभा सुदूरपश्चिम प्रदेशबाट जारी भएको यातायात व्यवस्थापन सम्बन्धि कानुनलाई सम्झनु पर्छ ।

(ढ) **"संस्था" वा "कम्पनी"** भन्नाले प्रचलित कानुन बमोजिम सार्वजनिक यातायात सेवा सञ्चालन गर्न गराउन स्थापित संस्था वा कम्पनीलाई सम्झनु पर्छ ।

(ण) **"सार्वजनिक यातायात"** भन्नाले सर्वसाधारणका लागि भाडा लिई यात्रा गराउन सञ्चालित बस लगायतका सार्वजनिक यातायातका लागि इजाजत पत्र प्राप्त गरी सञ्चालन गरिएका यातायातका साधन सम्झनु पर्छ ।

(त) **"गाउँबस सेवा"** भन्नाले नौगाड गाउँपालिकाद्वारा सञ्चालित गाउँबस सेवालाई सम्झनु पर्छ ।

(थ) **"सम्बन्धित निकाय"** भन्नाले नौगाड गाउँपालिकाको क्षेत्रभित्र यातायात व्यवस्थापन सम्बन्धमा कामकारवाही गर्ने नेपाल सरकार तथा प्रदेश सरकार मातहतका कार्यालय तथा अन्य गैर सरकारी संघ संस्थालाई समेत सम्झनु पर्छ ।

(द) **"सेवा प्रदायक"** भन्नाले सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने उदेश्यले प्रचलित कानुन बमोजिम स्थापित संघसंस्था कम्पनी वा व्यक्ति सम्झनु पर्छ ।

(ध) **"सवारीसाधन"** भन्नाले यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारीको साधनलाई सम्झनु पर्छ ।

(न) **"यातायात सेवा"** भन्नाले सार्वजनिक सवारीले भाडा लिई एक ठाउबाट अर्को ठाउँसम्म यात्रु वा मालसामान ओसार पसार गर्ने कार्य सम्झनु पर्छ ।

(प) **"मालसामान"** भन्नाले मानिस बाहेक सार्वजनिक सवारीमा ओसार पसार गरिने पशुपन्छी तथा कुनै निर्जिव वस्तु सम्झनु पर्छ ।

(फ) **"चालक"** भन्नाले सवारी चालक अनुमति पत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(ब) **"चालक अनुमतिपत्र"** सवारी साधन चलाउन पाउने गरी अधिकार प्राप्त अधिकारीले दिएको सवारी चालक अनुमति पत्रलाई सम्झनु पर्छ ।

नौगाड गाउँपालिकाको गाउँबस सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

प्रमुख प्रशासकीय अधिकृत

(भ) **"सहचालक"** भन्नाले अधिकार प्राप्त अधिकारीबाट सहचालक अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ र सो शब्दले सो सवारीमा काम गर्ने अन्य कर्मचारीलाई समेत जनाउनेछ ।

## परिच्छेद २

## समिति सम्बन्धी व्यवस्था

**३. गाउँबस सेवा सञ्चालन तथा व्यवस्थापन समितिः** (१) गाउँबस सेवालाई व्यवस्थित र चुस्त दुरुस्त गर्न, सवारी चालक, सेवा प्रदायक व्यक्ति, संस्था र कम्पनीले सर्वसुलभ गुणस्तरीय र विश्वसनिय गाउँबस सेवा सञ्चालन गरे नगरेको, चालक, सहचालक तथा यात्रुले प्रचलित कानून बमोजिम कार्य गरे नगरेको अनुगमन गरी कानून बमोजिम कारवाही गर्न गराउन तथा आवश्यक थप कार्वाहीको लागि सिफारिस गर्न देहाय बमोजिमको गाउँबस सेवा सञ्चालन तथा व्यवस्थापन समिति गठन हुनेछः

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| ख) राजश्व शाखा प्रमुख | सदस्य |
| ग) स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| घ) यातायात व्यवसायी संघको प्रतिनिधि १ जना | सदस्य |
| ङ) उद्योग तथा व्यवसाय प्रवर्द्धन इकाई प्रमुख | सदस्य |
| च) ट्राफिक कार्यालयको प्रतिनिधि १ जना | सदस्य |
| छ) स्थानीय प्रहरी प्रमुख | सदस्य |
| ज) प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

२. समितिको बैठक सामान्यतया प्रत्येक तीन महिनामा एक पटक बस्ने छ तर आवश्यकता परेमा सो भन्दा वढी पटक पनि बस्न सक्नेछ ।

३. समितिको बैठकमा आवश्यकता अनुसार यातायात विज्ञ तथा अन्य व्यक्तीलाई आमन्त्रण गर्न सकिनेछ।

४. समितिको वैठक संयोजकको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ ।

५. समितिको बैठक भत्ता कार्यापालिका सदस्य सरह हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिकाको गाउँबस सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२

६. समितिको बैठक सम्वन्धि अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**४. समितिको काम कर्तव्य तथा अधिकारः**

(१) गाउँबस सेवा सञ्चालन प्रक्रिया तथा मापदण्ड निर्धारण गर्ने,

(२) गाउँबस सेवा सञ्चालन क्षेत्र र समय निर्धारण गर्ने,

(३) सञ्चालित गाउँबस सेवाको अनुगमन गरी पृष्ठपोषण गर्ने र सुझाव सहितको प्रतिवेदन कार्यपालिकामा पेश गर्ने,

(४) गाउँबस सेवासञ्चालन गर्न आवश्यक जनशक्ती व्यवस्थपान गर्ने,

(५) गाउँबस सेवाको सेवा शुल्क निर्धारण गरि स्वीकृतीका लागि कार्यपालिकामा पेश गर्ने,

(६) गाउँबस सेवा सञ्चालनका लागि अन्य आवश्यक व्यवस्था गर्ने,

**५.बस सेवा सञ्चालन गर्नु परेमा देहाय बमोजिम प्रक्रिया अपनाउनु पर्नेछः**

क. गाउँबस सेवासञ्चालन गर्न आवश्यक पर्ने जनशक्ती समितिले व्यवस्थापन गर्नेछ,

ख. गाउँबस सेवा सञ्चालन गर्न (क) बमोजिम निर्धारण गरेको जनशक्तीलाई ज्यालादारी करारमा नियुक्ति गर्न कार्यालयलाई सिफारिस गर्ने,

ग. समितिको सिफारिस अनुसार कार्यालयले ज्यालादारी करारमा जनशक्ती नियुक्त गर्नेछ,

घ. निर्धारित बस भाडा संकलन गर्न समितिले तोकेको ढाँचामा कार्यालयले टिकट/रसिद अभिलेख तयार गरी बस सञ्चालक कर्मचारीलाई उपलब्ध गराउनेछ,

ङ.बस सञ्चालन गर्न आवश्यक पर्ने इन्धन कार्यालयले व्यवस्था गर्नेछ,

च. बस मर्मत सम्भार सम्वन्धी व्यवस्था कार्यालयले गर्नेछ,

छ. समितिको सदस्य सचिवले बस सञ्चालन सम्बन्धि लगबुक सहितको छुट्टै अभिलेख तयार गरी प्रत्येक महिनाको अन्त्यमा कार्यालय प्रमुखबाट प्रमाणित गराउनु पर्नेछ । भाडामा बस सञ्चालनगर्दा मासिक भाडा समितिले निर्धारण गरी गाउँ कार्यपालिकामा सिफारिस गर्नेछ र गाउँ कार्यपालिकाबाट स्वीकृत भए बमोजिम हुनेछ,

ज. भाडामा बस संचालन गर्दा निर्धारण गरिएको मासिक भाडा गाउँ पालिकालाई बुझाउने प्रक्रिया दुवै पक्षबीच भएको सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ,

प्रमुख प्रशासकीय अधिकृत

झ. तेस्रो पक्ष सम्झौता (Third Party Agreement) मार्फत मासिक भाडामा बस सेवासञ्चालनगर्दा चालकको व्यवस्था कार्यालयले गर्नेछ,

ञ. तेस्रो पक्ष सम्झौता (Third Party Agreement) मार्फत मासिक भाडामा बस सेवा सञ्चालन गर्दा आवश्यक पर्ने इन्धन र मर्मत सम्भार को व्यवस्था तेस्रो पक्षले गर्नेछ,

ट. तेस्रो पक्ष सम्झौता (Third Party Agreement) मार्फत मासिक भाडामा बस सेवासञ्चालनगर्दा अन्य कुरा प्रचलित कानून तथा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद ३

## गाउँपालिकाको बस सेवा सञ्चालन गर्ने व्यक्ति, संस्था वा कम्पनीको दायित्व

६. **व्यक्ति, संस्था वा कम्पनीको दायित्वः** (१) नौगाड गाउँपालिकाले व्यक्ति, संस्था, कम्पनी वा साझेदारी मार्फत पनि गाउँबस सेवा सञ्चालन गर्न गराउन सक्नेछ । त्यसैगरी बस सञ्चालन गर्ने व्यक्ति, संस्था वा कम्पनीको सम्झौता पत्रमा उल्लेखित शर्तहरुको परिपालनाको साथै देहाय बमोजिमको दायित्व हुनेछः

क. यात्रुहरुलाई निर्धारित वस बिसौनीबाट चढाउने र ओर्लने व्यवस्था गर्ने,

ख. यात्रुवर्ग, उपभोक्ता वा सर्वसाधारणका लागि गुनासो तथा सुझाव दिन मिल्ने व्यस्था मिलाउने,

ग. चालक र सहचालकलाई निर्धारित पोशाकको व्यवस्था गर्ने,

घ. यातायातका साधनहरुको नियमित चेकजाँच गरी मर्मत सम्भार तथा सर सफाई गर्ने/गराउने,

ङ. सवारी साधन कुन रुटमा चल्ने हो सो सजिलैसंग छुट्याउन सकिने किसिमले रुट नम्बरका अतिरिक्त सवारी साधनमा फरक रंग वा निश्चित चिन्हको प्रयोग गर्ने,

च. अपाङ्गता भएका व्यक्ति महिला असक्त वालवालिका ज्येष्ठ नागरिकहरुलाई निर्धारित आरक्षण सिटको व्यवस्था गर्ने र आरक्षण गरिएको सिट खाली भई अन्य कुनै व्यक्ति बसेको अवस्थामा आरक्षित व्यक्ति प्रवेश गरेमा निजलाई तुरुन्त सिटमा बस्ने व्यवस्था मिलाउने,

छ. चालक र सहचालकले प्रचलित कानून बमोजिमको कार्य र आचरण गरे नगरेको सुपरीवेक्षण गर्ने आवश्यक निर्देशन दिने,

ज. प्रत्येक सवारी साधनमा प्राथमिक उपचार सामाग्री (फस्ट एड), अग्नि नियन्त्रण उपकरण र फोहर राख्ने भाँडो अनिवार्य रुपमा राख्ने,

प्रमुख प्रशासकीय अधिकृत

झ. सवारी साधनमा गाउँपालिकाको स्वीकृति वेगर विज्ञापन नगर्ने,

ञ. गाउँपालिका क्षेत्रभित्र बस सेवा सञ्चालन गर्दा गाउँपालिकाबाट निर्धारण भएको सेवा शुल्क बमोजिम भाडा लिने व्यवस्था मिलाउने,

ट. कात्तिक देखि माघ मसान्तसम्म विहान ७ बजे देखि साझ ५ बजेसम्म र बाँकी अन्य महिनाको हकमा विहान ५ बजेदेखि साझ ७ बजेसम्म अनिवार्य रुपमा निर्धारित रुटमा बस सेवा सञ्चालन गर्नुपर्ने र आवश्यकता अनुसार अन्य समयमा पनि सेवा सञ्चालनको व्यवस्था मिलाउने,

ठ. सम्बन्धित निकाय वा गाउँपालिकाले समय-समयमा तोकेको मापदण्डको पूर्ण रुपमा परिपालन गर्ने,

ड. सवारी साधनमा अनिवार्य रुपमा बमन थैली राख्ने,

ढ. गाउँपालिकाबाट हुने नियमन र अनुगमन कार्यमा सहयोग र समन्वय गर्ने,

ण. गाउँपालिकाबाट समय समयमा दिइने निर्देशनको अनिवार्य रुपमा परिपालन गर्ने/गराउने,

(२) गाउँबस सेवा सञ्चालन गर्ने व्यक्ति, संस्था वा कम्पनीले देहायको कार्य गर्ने गराउने तर्फ समेत आवश्यक पहल गर्नुपर्नेछः

क. यात्रुको सुरक्षा, व्यवस्था र अनुगमनका लागि सार्वजनिक यातायातका साधनमा सिसिटिभि क्यामेरा जडान गर्ने गराउने ।

ख. उच्च प्रविधियुक्त वातावरणमैत्री सवारी साधनको प्रयोग गर्ने ।

ग. सवारी साधनभित्र अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने ह्वीलचेयर सजिलै राख्न सकिने व्यवस्था गर्ने ।

घ. यात्रुवर्ग र सर्वसाधारणका लागि गुनासो तथा सुझाव दिन र सेवा सम्बन्धि जानकारी दिन टोल फ्री नम्बर, नोटिस बोर्ड सेवा, इमेल, वाइफाइ र सामाजिक संजाल लगायतका प्रविधि जडान गर्ने।

ङ. सार्वजनिक यातायात सेवा सम्बन्धमा मोवाइल र कम्प्युटरबाट सवारी साधनको अनुगमन तथा रुटहरुको अवस्थितिहरु प्रत्यक्ष देखिने जिपिएस ट्याकिङ जडान गरी एप्स प्रयोगमा ल्याउने ।

च. यात्रुहरुको सहजताका लागि दैनिक, साप्ताहिक, मासिक तथा वार्षिक रुपमा मान्य हुने टिकटहरु जारी गर्ने ।

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## परिच्छेद ४

## सवारी चालक, सहचालक तथा यात्रु सम्बन्धी व्यवस्था

**७. सवारी चालकः** देहायको योग्यता पुगेको नेपाली नागरिक गाउँबसको चालक हुन योग्य मानिनेछ ।

(क) प्रलित कानूनले निर्दिष्ट गरे बमोजिमको सवारी चालक इजाजत प्राप्त गरेको ।

(ख) शारीरिक तथा मानसिक रुपमा स्वस्थ रहेको ।

(ग) कुनै प्रचलित कानूनले अयोग्य नरहेको ।

(घ) धुम्रपान, मध्यपान तथा कुनै लागुऔषध सेवन नगर्ने ।

**८. सहचालकः** देहाय बमोजिमको योग्यता पुगेको नेपाली नागरिक गाउँबसको सहचालक हुन योग्य मानिनेछ।

(क) शारीरिक तथा मानसिक रुपमा स्वस्थ रहेको ।

(ख) कुनै प्रचलित कानूनले अयोग्य नरहेको ।

(ग) धुम्रपान, मध्यपान तथा कुनै लागुऔषध सेवन नगर्ने ।

**९. चालक, सहचालक तथा यात्रुलाई प्रशिक्षणः** (१) गाउँपालिकाले गाउँबस सेवा सञ्चालनसंग सम्बन्धित चालक, सहचालक तथा यात्रुहरुलाई सार्वजनिक यातायात सम्बन्धि आधारभूत ज्ञान सीप प्रचलित कानूनी व्यवस्था तथा यात्रुसग गरिने शिष्ट व्यवहार आदि विषयमा प्रशिक्षण दिइनेछ ।

(२) उपदफा (१) बमोजिम दिइने प्रशिक्षणमा बस सञ्चालन सम्बन्धि सेवा प्रदायक व्यक्ति संस्था वा कम्पनीले आफ्ना चालक तथा सहचालकहरुलाई अनिवार्यरुपमा सहभागी गराउनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रशिक्षणमा सहभागी भएका चालक तथा सहचालकहरुलाई गाउँपालिकाबाट अनुसूची ४ बमोजिमको ढाँचामा परिचय पत्र प्रदान गरिनेछ ।

(४) गाउँबसको सेवा प्रयोग गर्ने यात्रु तथा पैदल यात्रुलाई यात्रु अनुशासन तथा आचरण सम्बन्धमा सचेतनामुलक प्रशिक्षण दिइनेछ ।

(५) चालक तथा सहचालकबाट कुनै अनैतिक कार्य गरेमा वा कार्य सन्तोषजनक नभएमा चालक तथा सहचालकको करार सम्झौतालाई निलम्बन वा अन्त्य  गर्न सकिनेछ ।

नौगाड गाउँपालिकाको गाउँबस सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद ५

## कर्तव्य तथा निषेधित कार्यहरु

**१०. यात्रुको कर्तव्यः** (१) गाउँबस सेवा प्रयोग गर्ने यात्रुले चालक, सहचालक तथा अन्य व्यक्तिसंग शिष्ट, शालिन र सभ्य व्यवहार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम बसमा यात्रा गर्दा देहायका कार्य गर्नुहुदैन ।

(क) निर्धारित भाडा नतिरी यात्रा गर्ने वा गर्न प्रयत्न गर्ने ।

(ख) अन्य व्यक्तिका लागि आरक्षित गरिएको सिटमा बस्ने ।

(ग) टिकट नलिने वा कुनै सर्तमा निर्धारित दरभन्दा कम दरमा भाडा तिर्ने ।

(घ) अमान्य टिकटहरु प्रयोग गरी यात्रा गर्ने वा गर्न प्रयत्न गर्ने ।

(ङ) म्याद समाप्त भएका तथा नक्कली परिचय पत्रबाट सुविधा लिन प्रयत्न गर्ने ।

(च) उत्सर्जित फोहरमैला तोकिएको स्थान वा फोहर संकलन गर्न राखिएको भाडो वाहेक अन्यत्र जथाभावि फोहर फाल्ने ।

(छ) यातायातको साधन भित्र मदिराजन्य र सुर्तीजन्य पदार्थको सेवन गर्ने ।

(ज) यातायातका साधनमा जडान भएका भौतिक सामाग्रीहरुमा क्षति पुर्‍याउने ।

(झ) यातायातका साधनमा अश्लील शब्द तथा चित्र लेख्ने त्यस्तै प्रतिका सामाग्रीहरु हेर्ने ।

(ज) झगडा गर्ने, डरधाक र धम्कि दिने ।

(ट) यातायातका साधनमा आगो लगाउने र तोडफोड गर्ने ।

(ठ) यौनजन्य दुर्व्यवहार तथा यौनजन्य गतिविधि गर्ने ।

(ड) लागुऔषध प्रयोग गर्ने/गराउने वा त्यस्ता कार्य गर्न प्रोत्सहान र ओसार पसार गर्ने ।

(ढ) बगली मार्ने वा चोरी गर्ने ।

(ण) जिस्काउने होच्याउने विभेद गर्ने ।

(त) कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

**११. चालकको कर्तव्यः** (१) गाउँबस सेवा सञ्चालन गर्ने चालकले सहचालक तथा अन्य व्यक्तिसंग शिष्ट, शालीन र सभ्य व्यवहार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँबस सेवा सञ्चालन गर्ने चालकले देहायका कार्य गर्नु हुदैन

(क) निर्धारित पार्किङ्ग स्थल बाहेकका स्थानमा सवारी साधन रोक्ने ।

(ख) यात्रुसंग अशिष्ट भाषामा कुरा गर्ने ।

(ग) निर्धारित पोशाक नलगाई सवारी साधन चलाउने ।

(घ) बस बिसौनीमा निर्धारित समय भन्दा वढि समय सवारी साधन रोक्ने ।

(ङ) जेब्रा क्रसिङ्गमा पैदलयात्रुलाई प्राथमिकता नदिने ।

(च) अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाउने ।

(छ) सवारी साधनमा अश्लील फोटो टाँस्ने र अश्लील गीत बजाउने ।

(ज) जथाभावी पार्किङ गर्ने ।

(झ निर्धारित समयमा निर्धारित रुटमा सवारी साधन चलाउन इन्कार गर्ने ।

(ञ) मदिराजन्य र सुर्तीजन्य पदार्थ सेवन गरी सवारी चलाउने ।

(ट) यौनजन्य दुर्व्यवहार गर्ने ।

(ठ) जिस्काउने होच्याउने र विभेदजन्य व्यवहार गर्ने ।

(ड) कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने ।

**१२. सहचालकको कर्तव्यः** (१) गाउँबस सेवा सञ्चालनमा संलग्न सहचालकले यात्रु चालक तथा अन्य व्यक्तिसंग शिष्ट, शालीन र सभ्य व्यवहार गर्नुपर्छ ।

(२) उपदफा (१) बमोजिम गाउँबस सेवा सञ्चालनमा संलग्न सहचालकले देहायका कार्य गर्नु हुदैनः

क) यात्रुसंग निर्धारित भन्दा वढि रकम असुल गर्ने ।

ख) टिकट दिन इन्कार गर्ने ।

ग) रकम फिर्ता गर्न आलटाल गर्ने ।

नौगाड गाउँपालिकाको गाउँबस सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

प्रमुख प्रशासकीय अधिकृत

घ) यात्रुसंग अशिष्ट भाषामा कुरा गर्ने ।

ङ) निर्धारित पोशाक नलगाई गाउँबस सञ्चालनको सहचालकको काम गर्ने ।

च) सवारी साधनमा मदिराजन्य र सुर्तिजन्य पदार्थको सेवन गर्ने।

छ) यौनजन्य दुर्व्यवहार गर्ने ।

ज) जिस्काउने होच्याउने विभेदजन्य कार्य गर्ने ।

झ) कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने ।

**१३. पैदल यात्रुको दायित्वः** (१) मानिस हिड्ने पेटी भएको सडकमा मानिस सो पेटीबाट नै हिड्नु पर्नेछ। पेटी नभएको सडकमा हिड्दा सो सडकको किनारा तर्फबाट हिड्ने गर्नु पर्नेछ ।

(२) पैदल हिड्ने मानिसले बाटो काट्नुपर्दा जेब्रा क्रसिङ्ग सब-वे ओभरहेड ब्रिज वा त्यस्तो बाटो काट्नका लागि निर्धारित ठाउँबाट मात्र बाटो काट्नु पर्नेछ ।

(३) सडक पेटीमा यात्रा गर्न पैदल यात्रुले तोकिए बमोजिमको सडक अनुशासन तथा आचारसंहिता पालना गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम यात्रा गर्ने पैदल यात्रुले देहायका कार्य गर्न हुदैन ।

क) सवारी साधन गुड्ने प्रयोजनको लागि तोकिएको सडकबाट हिड्ने ।

ख) आफूले उत्सर्जन गरेको फोहर सडक तथा सार्वजनिक स्थानमा फाल्ने ।

ग) सडक पेटी तथा वरपरका स्थानहरुमा आवतजावतलाई असर पर्ने गरी अनावश्यक रुपमा भेला हुने भिडभाड गर्ने, होहल्ला गर्ने तथा प्रचलित कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने/गराउने।

घ) गाउँपालिकाले समय समयमा गर्न नहुने भनी तोकिएको कार्यहरु गर्ने ।

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## परिच्छेद ६

## गाउँबस सञ्चालन हुने रुट सम्बन्धि व्यवस्था

**१४. गाउँबस सेवा सञ्चालन हुने रुटः** (१) गाउँबस सेवा सञ्चालनको लागि तत्काल अनुसूचि १ मा व्यवस्था भए बमोजिम हुनेछ ।

(२) अवस्था र आवश्यकताको आधारमा समितिको निर्णय अनुसार रुट थपघट गर्न सकिने छ ।

**१५. यात्रु भाडा दरः** (१) गाउँबस सेवा सञ्चालनको लागि आर्थिक ऐनमा नतोकिदा सम्म अनुसूची २ बमोजिमको यात्रु सेवा शुल्क कायम हुनेछ ।

**१६. पार्किङ स्थलः** (१) चालकले बस सेवा सञ्चालन गरे पछि ६ नं. वडाको सुकेखोला (प्रहरी चौकी नजिक) र गाउँकार्यपालिकाको कार्यालयको पसिसरमा बसलाई विस्राम गर्नु पर्नेछ ।

(२) माथि (१) बमोजिम निर्धारण गरिएको स्थानभन्दा अन्य स्थानमा बस विस्राम गरी बसमा तोडफोड तथा अन्य कुनै क्षति भएमा चालक र सहचालक जवाफदेहि हुनेछन ।

**१७. बस बिसौनीः** परिच्क्षेद ६, १३ (१) र (२) बमोजिम गाउँबस सेवा सञ्चालन गर्दा तपसिल बमोजिमको स्थानमा बस बिसौनी हुनेछः

(क) वडा नं. ६ को सुकेखोला, धुलिगडा खेडा, वरभगे, मसने वगड, भुरभुरे, चिउरी वगड, सेला वगड, उडालु, सौकेवगड, श्रीवगड, होपरीगाड, जामीर, खारखोला ।

## परिच्छेद ७

## सवारी चालक र सहचालकको पारिश्रमिक तथा तलव भत्ता सुविधा सम्बन्धि व्यवस्था

**१८. सवारी चालक तथा सहचालकको पारिश्रमिक तथा तलव भत्ता सुविधाः** (१) सवारी चालकको पारिश्रमिक तथा तलव भत्ता लगायतका सेवा सुविधा गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ। सेवा सुविधा निर्धारण गर्दा टिकट संकलनबाट मासिक रुपमा प्राप्त रकमको निश्चित प्रतिशत प्रोत्साहन भत्ता स्वरुप उपलव्ध गराउन सकिने छ। ।

नौगाड गाउँपालिकाको गाउँबस सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद ८

## सवारी चालक र सहचालकको विदा सम्बन्धि व्यवस्था

**१९. सवारी चालक र सहचालकको विदाः** (१) सवारी चालक तथा सहचालकको विदा सम्बन्धि व्यवस्था करार सेवा सम्झौतामा उल्लेख भए अनुसार हुनेछ ।

(२) सामान्यतया शनिवार वाहेक अन्य सार्वजनिक विदाको दिनमा बस सेवा सञ्चालन हुनेछ ।

## परिच्छेद ९

## टिकट सम्बन्धी व्यवस्था

**२०. टिकटको प्रयोगः** (१) बस सेवा सञ्चालनमा कागजी वा विद्युतीय गरी दुइ प्रकारका यात्रु टिकटहरु प्रयोग गर्न सकिनेछ ।

(२) कागजी टिकटको प्रयोगलाई क्रमशः विद्युतीय टिकटले विस्थापित गर्नुपर्नेछ ।

**२१. टिकट अनिवार्य दिनुपर्नेः** (१) सवारी बसमा चढ्नुभन्दा पहिले वा चढेपछि लगतै वा बसबाट झर्नु भन्दा पहिले यात्रुहरुसंग तोकिएको भाडा लिई अनिवार्यरुपमा टिकट दिनुपर्ने दायित्व सम्बन्धित सहचालकको हुनेछ ।

(२) विद्युतिय टिकट रहेको खण्डमा ई-टिकेटिङ्ग लगायतका प्रविधिबाट अग्रिम टिकट खरिद गर्न पाउने व्यवस्था समेत गर्नुपर्नेछ ।

(३) यात्रु टिकटको आकार प्रकार तथा टिकटमा उल्लेख गर्नुपर्ने कुराहरु समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) यात्रु टिकटमा धुम्रपान, मद्यपान, सुर्तिजन्य पदार्थ, अश्लिल सामाग्री तथा सार्वजनिक हित विपरित हुने सामाग्रीहरुको प्रयोग तथा विज्ञापन गर्न पाइनेछैन ।

**२२. टिकट अनिवार्य लिनुपर्नेः** समितिले रुट कायम गरी सञ्चालन गर्ने गाउँ सेवाको उपयोग गर्ने यात्रुले आफु चढ्ने बस विसौनीमा वा सवारी साधन चढे लगत्तै वा सवारीबाट झर्नुभन्दा पहिले अनिवार्य रुपमा निर्धारित भाडा तिरी टिकट लिनुपर्नेछ ।

२३. **सहुलियत मुल्यमा टिकट प्रदान गर्नुपर्नेः** (१) सेवा प्रदायकले वालवालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अशक्त, जनआन्दोलनका घाइते, शहिद परिवारका सदस्य, विद्यार्थी तथा अन्य निर्धारित व्यक्तिलाई देहाय बमोजिम निर्धारण गरिएको सहुलियत दरमा टिकट उपलब्ध गराउनु पर्नेछ ।

(क) पाँच वर्ष मुनिका वालवालिकालाई कुनै शुल्क नलाग्ने ।

(ख) असी वर्ष पुरा भएका ज्येष्ठ नागरिकलाई कुनै शुल्क नलाग्ने ।

(ग) सत्तरी वर्षका ज्येष्ठ नागरिकलाई टिकट दरमा पचास प्रतिशत छुट हुने ।

(घ) अपाङ्गता भएका व्यक्ति, अशक्त, जनयुद्ध र जनआन्दोलनका घाइते, शहिद परिवारलाई र विद्यार्थीलाई पचास प्रतिशत छुट हुने ।

(२) उपदफा (१) बमोजिमको सहुलियत भाडा रकम लिदा पाँच ले भाग जाने अगाडीको अंक हुनेछ ।

(२) अन्य छुट सम्बन्धमा कार्यपालिकाले निर्णय गरेमा हेरफेर हुन सक्ने छ।

२४. **दाखिला गर्नु पर्नेः** चालक र सहचालकले टिकट वाफत उठेको रकम मासिक रुपमा गाउँपालिकाको आन्तरिक राजश्व खातामा दाखिला गर्नु पर्नेछ ।

## परिच्छेद १०

## विविध

२५. **यात्रु विमा सम्बन्धि व्यवस्थाः** सेवा प्रदायक संघसंस्था वा कम्पनीले प्रत्येक यात्रुको प्रचलित कानुनले तोके बमोजिम विमा गर्नुपर्नेछ ।

२६. **गाउँवसलाई अन्य काममा प्रयोग गर्न सकिने:** पूर्व सूचना प्रकाशित गरी गाउबसलाई कार्यालयले अन्य काममा प्रयोग गर्न सक्ने छ।

नौगाड गाउँपालिकाको गाउँबस सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

प्रमुख प्रशासकीय अधिकृत

२७. **गाउँबस सेवा सञ्चालन सम्बन्धि विशेष व्यवस्थाः** गाउँपालिकाले नेपाल सरकार, प्रदेश सरकार र अन्य स्थानीय सरकार सम्वद्ध संघसंस्था तथा व्यक्तिहरुसंग साझेदारी वा संयुक्त व्यवस्थापनमा गाउँबस सेवा सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

२८. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख नभएका विषयमा प्रचलित संघीय, प्रदेश र स्थानीय कानुन बमोजिम हुनेछ ।

२९. **कार्यविधि संशोधनः** नौगाड गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकको निर्णय बमोजिम यस कार्यविधिमा उल्लेखित व्यवस्थाको संशोधन तथा थपघट गर्न सकिनेछ ।

३०. **बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधि कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ । त्यसरी कार्यपालिकाबाट भएको वाधा अड्काउ सम्बन्धि निर्णय यस कार्यविधिको अभिन्न अङ्ग मानिनेछ ।

३१. **अमान्य हुनेः** यो कार्यविधिको कुनै दफा प्रचलित संघीय वा प्रदेश कानुन सँग बाझिएमा बाझिएको हद सम्म यो कार्यविधिको उक्त दफा अमान्य हुने छ।

नौगाड गाउँपालिकाको गाउँबस सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची- १

## गाउँबस सेवा सञ्चालन हुने रुट

## परिच्छेद ६ को दफा १३ (१) र (२) संग सम्बन्धित

| क्र.सं. | रुटको नाम | |
|---|---|---|
| | देखि | सम्म |
| १ | वडा नं. ६ को सुकेखोला | वडा नं. ३ को खार |
| २ | वडा नं. ३ को खार | वडा नं. ६ को सुकेखोला |

नौगाड गाउँपालिकाको गाउँबस सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## अनुसूची- २
## सेवा शुल्क
## परिच्छेद ६ को दफा १४(१) संग सम्बन्धित

| क्र.सं. | देखि | सम्म | सेवा शुल्क | दुरी (कि.मि.) |
|---|---|---|---|---|
| १ | वडा नं. ६ को सुकेखोला (प्रहरी चौकी) | वडा नं. ३ को खार | १४० | |
| २ | सुकेखोला | होपरीगाड | १०० | |
| ३ | खेडा | होपरीगाड | ८० | |
| ४ | मसनेबगर | होपरीगाड | ६० | |
| ५ | चिउरेबगर | होपरीगाड | ४० | |
| ६ | सौकेबगर | होपरीगाड | २० | |
| ७ | खार | होपरीगाड | ४० | |
| ८ | जामीर | होपरीगाड | २० | |

नोटः न्युनतम भाडा रु. २० हुनेछ ।

*गाउँबसलाई कार्यालयले अन्य प्रयोजनमा प्रयोग गरेमा ईन्धन बाहेक प्रतिदिन रु. ८००० (आठ हजार मात्र) शुल्क लाग्नेछ ।

नौगाड गाउँपालिकाको गाउँबस सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८

प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हिपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# अनुसूची- ३
## गाउँ बस सेवा सञ्चालन लगबुक
## परिच्छेद २ दफा ४ को उपदफा ७ (छ) संग सम्बन्धित

बस नम्बरः सवारी चालकको नामः

| क्र.सं. | महिना | बस गुडेको दुरी कि.मि. | | जम्मा दुरी | संकलित रकम | डिजेल खपत (लिटर) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | सुरुको अंक | अन्तिम अंक | | | | |
| १ | बैशाख | | | | | | |
| २ | जेठ | | | | | | |
| ३ | असार | | | | | | |
| ४ | साउन | | | | | | |
| ५ | भदौ | | | | | | |
| ६ | असोज | | | | | | |
| ७ | कार्तिक | | | | | | |
| ८ | मंसिर | | | | | | |
| ९ | पुष | | | | | | |
| १० | माघ | | | | | | |
| ११ | फागुन | | | | | | |
| १२ | चैत | | | | | | |

तयार गर्नेः
नामः
पदः
दस्तखतः

प्रमाणित गर्नेः
नामः
पदः
दस्तखतः

*पहिलो संशोधनबाट थप गरिएको ।

आज्ञाले,
पुष्कर सिह धामी
प्रमुख प्रशासकीय अधीकृत

नौगाड गाउँपालिकाको गाउँबस सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

प्रमुख प्रशासकीय अधिकृत